# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

प.सं. २०८०/८१
च.नं. ३१६८

कोशी प्रदेश ,नेपाल
मितिः २०८०/१०/१४
ने.सं.- ११४४ पोहेलागा, ३ आइतवार

**सूचना ! सूचना !! सूचना !!!**

आ.व.०८०/८१ मा शिक्षा क्षेत्रमा नगर सभाबाट बुहारी छात्रावृत्ति शीर्षकमा स्वीकृत निशर्त बजेटबाट सिद्धिचरण नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत तपसिलका आधारहरु पुरा गरेका बुहारी छात्राहरुलाई देहायको आधारमा मासिक रु ५०० का दरले वार्षिक रु ६,०००/-(छ हजार रुपैया मात्र) बुहारी छात्रावृत्ति उपलब्ध गराउने भनि नगर शिक्षा समितिको मिति २०८०/१०/०१ गतेको बैठकबाट निर्णय भएकोले इच्छुक बुहारी छात्राहरुलाई छात्रवृत्तिका लागि रितपूर्वक सम्वन्धित विद्यालयमार्फत यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक सत्र-२०८० भित्र आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

- प्रचलित कानुन अनुसार उमेर पुरा भई बिबाह गरेका छात्राहरुले आवेदन गर्न पाउने,
- सिद्धिचरण नगरपालिकाभित्र सञ्चालित माध्यमिक तहसम्मका सामुदायिक शैक्षिक संस्थामा भर्ना भई शैक्षिक सत्र–२०८० मा नियमित अध्ययनरत भएको हुनु पर्ने,
- नगरपालिकाले प्रकाशन गरेको सूचना अनुसार इच्छुक एवं योग्य बुहारी छात्राहरुले आवश्यक कागजात साथ सम्वन्धित विद्यालय मार्फत नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गनुपर्ने ,
- आवश्यक कागजातहरु : लिखित निवेदन, आफुले पुरा गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, विद्यालयमा भर्ना गर्दा रजिष्ट्रेशन शुल्क बुझाएको रसिदको प्रतिलिपि (कक्षा ११ र १२ को हकमा), जन्म दर्ता वा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, बिबाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि, भर्ना भई अध्ययनरत कक्षा खुल्ने तथा नियमित अध्ययनरत रहेको व्यहोराको विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस ।

२०८०/१०/१४
फणिन्द्र बहादुर कटवाल
नि.प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री सूचना तथा प्रविधि शाखा, सिद्धिचरण नगरपालिका :
सूचना वेभ साइटमा अपलोड गर्नुहुन ।